नेपाली राजदूतावास
रियाद, साउदी अरब
**Embassy of Nepal**
Riyadh, Kingdom of Saudi Arabia

سـفـــارة نيـــبـــال
الرياض - المملكة العربية السعودية

## प्रेष विज्ञप्ति

नेपाली नागरिकहरुको रोजगारीको एउटा प्रमुख गन्तव्य मुलुक मानिएको साउदी अरबमा विभिन्न पेशा, व्यवसाय तथा रोजगारी गरेर बसेका नेपालीहरुसंग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य, सुरक्षा, दुर्घटना, क्षतिपूर्ति, श्रम सम्बन्धी समस्याहरु तथा दूतावासबाट प्रदान गरिने सेवाहरुको बारेमा सुसूचित गर्न तथा विभिन्न कारणले समस्यामा परेका नेपालीहरुको वस्तुगत यथार्थ बुझी समस्या समाधानको लागि परामर्श प्रदान गर्न एवं पहल गर्न बहुसंख्यक नेपाली नागरिकहरु कार्यरत साउदी अरबको पूर्वी क्षेत्रस्थित दम्मामममा ३ मार्च २०१७ मा नेपाली राजदूतावासले श्रमिक सचेतना कार्यक्रम आयोजना गर्यो । परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरका महानिर्देशक श्री गहेन्द्र राजभण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा गैर आवासीय नेपाली मंच साउदी अरब तथा साउदी अरबमा क्रियाशिल विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकारहरु लगायत सयौंको संख्यामा सर्बसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि श्री गहेन्द्र राजभण्डारीले वैदेशिक रोजगारीको क्रममा विदेशमा कार्यरत नेपाली नागरिकहरुको सेवाको लागि कन्सुलर सेवा विभागले अनलाईन सेवा मार्फत गुनासो तथा उजुरीहरु सुन्ने र सम्बन्धित नियोगहरुमा पत्राचार गरी यथाशक्य छिटो जवाफ खोज्ने पहल थालेको जनाउदै सो सम्बन्धमा रियादस्थित नेपाली दूतावासले गरेका प्रयत्नहरु तथा पीडित नेपालीका समस्या समाधान गर्ने सिलसिलामा दूतावासका कर्मचारीहरुले गरेका प्रयास तथा उनीहरुको कार्यशैलीको प्रशंशा गर्नुभयो । दूतावासका कार्यवाहक राजदूत श्री आनन्दप्रसाद शर्माले



ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨-٤٦٤٥١٧٠-١١-٩٦٦ - فاكس : ٤٦٤٠٦٩٠-٤٦٥١٨٢٣-١١-٩٦٦
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel. : 966-11-4611108-4645170 - Fax : 966-11-4640690-4651823
Web Site: www.neksa.org E-mail: info@neksa.org :بريد الكتروني